# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन २० गते ०८ साल

## भाग ११

### यातायात र सञ्चारविभागको सूचना

ठाउँ ठाउँमा लागेका टेलिफोनको लाइन बराबर काटिदिने गरेकोमा फेरि नयाँ तार लगी जडान हुनासाथ भोलीपर्सिपल्टै काटी चोरी गरी लगेको हुँदा पश्चिमतर्फको लाइन बन्दै जस्तो भइरहेछ। त्यस्तो बदमासी गर्नेहरूलाई यस्तो सजाय हुन्छ भन्ने २००७ साल गते रोज मा × इश्तिहार पनि जारी भएको छ। पुलीस र मिलिटरीद्वारा पत्ता लगाउने चेष्टा भइरहेछ। प्रकाउ भएमा सरकारले सख्त सजाय गर्न बाँकी राख्नेछैन।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

295

लाइन नजिक रहेका सन्त, महन्त, भलादमी; थरी, मुखिया र जनताले पनि आफ्नो ओडा इलाकाभित्र परेका लाइनको हेरविचार गर्नुपर्नेछ। लाइनमा बदमासी हुन दिन हुँदैन। त्यस्तो बदमासी हुन लागेको देखे, सुनेमा नजीक अड्डाको मद्दत लिई बदमासहरूलाई पक्री अड्डामा सुपुर्द गरिदिनुपर्दछ। एक ठाउँमा जस्तो पश्चिम १ नं. हाँसेसेलीमा ३।४ पटक चोरी भइसक्यो। सदरमा पनि छेत्रपाटी पकनाजोलतर्फ चोरी भएको छ। नजिकका मानिसहरूले राम्रो रेखदेख पुऱ्याइदिएको भए त्यस्तो अवश्य हुन पाउनेथिएन। आइन्दादेखि पनि त्यस्तो किसिमसँग चोरी हुन गएमा कलेक्टीभ फाइन [ सामूहिक जरिवाना ] लाग्नेछ। यो सबैले बेहोर्नुपर्नेछ।

---

×इश्तिहार—

आगे नेपाल सरहद्का जागीरे ढाकू रैती दुनियाँ तालुकदार, जिम्मावाल, थरी, मुखिया, सन्त, महन्त गैह्रके यथोचित उप्रान्त पश्चिम टेलिफोन लाइन जडान भएकोमा गुण्डा ईट लट्ठीले हानी लट्ठामा चढी तार चुँडाली खसाली ईन्सुलेटर फुटाइदिने तार चोरी लट्ठा ढाली नोक्सान गरिदिने गरेको छ भन्ने बेहोरा जाहेर भयो। टेलिफोन रहँदा जोसुकै पनि जरुरी कुराको खबर गर्न र कुरा कहानी उत्तिनखेरै गर्न पाउने र आफूलाई कसैले थिचो मिचो गरेको अन्याय गरेको कुरामा उजुर बाजुरसमेत गर्न मौका मौकामा पाई कति कुराको आफूलाई सुबिस्ता हुने हो, सो तिमीहरूले बुझेकै होलाऊ रैती दुनियाँकै सुबिस्ताको निमित्त हाल राखिबक्सेको र अघि रहेको मधेशतिरको लाइनको समेत तार टेलिफोन लट्ठा इन्सुलेटर इत्यादि टेलिफोनको माल सामान कसैले चोर्न नोक्सानी गर्न हुँदैन, नगर्नू।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चोरी वा नोक्सान गरे सरकारी अड्डाखाना र पालो बसेका समेतले पक्री ऐन सवालबमे जिम सजाय दिइनेछ । पक्राउ गर्दा जवजस्ती हूल हुज्जत गरी भाग्न उम्कन खोज्यो भने त्यस्तालाई बन्दूक हात हतियार चलाई गोली हानी पक्रनेछ । हात हतियार चलाई बन्दूकले हान्दा मानिस मरे पनि हान्नेलाई बात लाग्दैन । यो कुरा सबैले थाहा पाउना निमित्त इश्तिहार जारी गरिबक्स्यौं । इति संवत् २००७ साल

गते रोज शुभम् ।

---

गोरखापत्र छापाखानाबाट प्रकाशित



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।